# सिद्धिचरण नगरपालिका, ओखलढुङ्गा
## कोशी प्रदेश, नेपाल

# स्थानीय राजपत्र

खण्ड ८) सङ्ख्या : १२ प्रकाशित मिति : २०८१/०४/०१


## भाग–१

सिद्धिचरण नगरपालिका, ओखलढुंगाको नगर सभाले बनाएको तल लेखिए बमोजिमको ऐन स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा ३ बमोजिम सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।

नगर सभाबाट निर्णय मितिः२०८१/०३/२७

प्रमाणीकरण मितिः २०८१/०३/३०

## स्थानीय वन ऐन, २०८१

**प्रस्तावना :**

सिद्धिचरण नगरपालिका भित्र रहेको वनलाई सामुदायिक वन लगायत समुदायमा आधारित वन र निजी वनको माध्यमबाट दिगो व्यवस्थापन, दिगो संरक्षणमा जिम्मेवारी तुल्याउदै वन श्रोतबाट अधिकतम लाभ उठाई लाभको न्यायोचित वितरणको माध्यमबाट स्थानीय सरकार र समुदायको आर्थिक, सामाजिक, पर्यावरणीय र भौतिक लगायतका स्थानीय विकासको क्षेत्रमा महत्वपूर्ण योगदान पुर्याउदै आर्थिक सम्बृद्धि एवं दिगो विकासको लक्ष्य प्राप्त गर्न थप योगदान पुर्याउन वनको व्यवस्थापन, उपयोग सम्बन्धी स्थानीय वन व्यवस्थापन गर्न आवश्यक कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधान तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को

उपदफा ४ को ङ (२) र (५) अनुसारको व्यवस्था कार्यान्वयन गर्न स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा १ बमोजिम सिद्धिचरण नगरपालिकाको १४ औँ नगर सभाले यो स्थानीय वन ऐन २०८१ बनाएको छ।

## परिच्छेद-१
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः**

(१) यस ऐनको नाम "स्थानीय वन ऐन, २०८१" रहेको छ।

(२) यो ऐन सिद्धिचरण नगरपालिकाको राजपत्रमा प्रकाशन भएको मितिबाट लागु हुनेछ।

**२. परिभाषा**ः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,

(क) "वन" भन्नाले पूर्ण वा आंशिक रूपमा रुखहरूले ढाकिएको विद्यमान अवस्थामा रहेको सामुदायिक वन, धार्मिक वन, शहरी वन, ग्रामीण वन, कृषि वन, वृक्षारोपण, सीमसार क्षेत्र, प्रथाजनित रूपमा व्यवस्थापन गरिएको वन र पारिवारिक निजी वन समेतलाई सम्झनु पर्छ।

(ख) स्थानीय वन ऐन, २०८१ भन्नाले यस सिद्धिचरण नगरपालिकाको १४ औँ नगर सभाले पारित गरेको स्थानीय वन ऐन, २०८१ सम्झनु पर्दछ।

(ग) "प्राकृतिक स्रोत साधन" भन्नाले जल, जमिन, जंगल, वन्यजन्तु, खनिज, जैविक विविधता आदि जस्ता प्राकृतिक रूपमा प्राप्त श्रोत साधनलाई सम्झनु पर्छ।

घ) "वन माथिको पहुँच" भन्नाले वनको संरक्षण र व्यवस्थापनमा सहभागी हुने र निर्णय लिने, वनबाट प्राप्त हुने वनपैदावारलाई प्राप्त गर्ने, सदुपयोग वा भोग चलन गर्ने, वनक्षेत्रमा निर्वाध रूपमा प्रवेश र आवतजावत गर्ने अधिकारलाई सम्झनु पर्छ।

(ङ) "वन अधिकार" भन्नाले परिच्छेद-२ मा उल्लेखित वन सम्बन्धी अधिकारलाई सम्झनु पर्छ।

(च) "स्थानीय वन परिषद्" भन्नाले दफा १३ बमोजिम गठन हुने वन अधिकार

संरक्षण नगरपालिका स्तरीय वन परिषद्लाई सम्झनु पर्छ ।

(छ) "स्थानीय समुदाय" भन्नाले वनक्षेत्रसँग सीमाना जोडिएको वनक्षेत्रबाट आश्रित एवं लाभान्वित आदिवासी जनजाति, महिला, दलित लगायतका स्थानीय समुदायमा बसोबास गर्ने सम्पूर्ण समुदायलाई सम्झनु पर्छ ।

(ज) "अन्य समुदाय" भन्नाले सामुदायिक वनबाट प्राप्त हुने वनपैदवार आफ्नो घर परिवारको जीविकोपार्जनको लागि कुनै न कुनै रुपले सदुपयोग गर्दै आईरहेको, वन पैदवारको लागि त्यस्तो वन क्षेत्रबाट आश्रित एवं लाभान्वित भौगोलिक रूपमा वन क्षेत्रदेखि टाढा रहेको घर, परिवार र समुदायलाई सम्झनु पर्दछ ।

(झ) "वन क्षेत्र" भन्नाले निजी स्वामित्वको हक भोगको र प्रचलित कानूनले अन्य व्यवस्था गरेको बाहेकको वन सिमाना लगाइएको वा नलगाइएको वनले घेरिएको वा वनभित्र रहेको घाँसे मैदान, नाङ्गो पहाड, बाटो, पोखरी, तालतलैया, सिमसार, नदी, खोलानाला, बगरले ओगटेको क्षेत्र सम्झनु पर्छ ।

(ञ) "वन पैदावार" भन्नाले वनमा रहेको वा पाइएको वा वनबाट ल्याइएको काठ, दाउरा, गोल, खैरकच, खोटो, काठको तेल, बोक्रा, लाहा, पिपला, पिपली वा रुख, पात, फल, फूल, मौवा, चिराइतो, च्याउँ र सबै प्रकारका जङ्गली जडीबुटी, वनस्पति तथा तीनका विभिन्न भाग वा अङ्ग, वा चट्टान, माटो, ढुङ्गा, गिट्टी, बालुवा वा पशुपन्छी, वन्यजन्तु र पशुपन्छी वा वन्यजन्तुको आखेटोपहार सम्झनु पर्छ ।

(ट) "सामुदायिक वन" भन्नाले समुदायद्वारा व्यवस्थापन गरेको वन लगायत कबुलियती वन, धार्मिक वन, परम्परागत विधिबाट संरक्षण र व्यवस्थापन गर्दै आएको वन र अन्य समुदायमा आधारित वन समेतलाई सम्झनु पर्छ ।

(ठ) "पारिवारिक निजी वन" भन्नाले आफ्नो स्वामित्वमा रहेको जग्गामा पारिवारिक तथा निजी स्वामित्वको जग्गामा पारिवारिक तथा निजी तवरले संरक्षण र व्यवस्थापन गर्दै आएको वनलाई सम्झनु पर्छ ।

(ड) "परम्परागत उपभोक्ता" भन्नाले जीवनयापनको लागि परापूर्वकालदेखि स्थानीय रीतिरिवाज, संस्कृति, मौलिक परम्परा अनुसार आफ्नै मौलिक विधि र प्रकृयाबाट निश्चित वनक्षेत्र उपभोग गर्दै आएका समुदायलाई सम्झनु पर्दछ ।

(ढ) "सामुदायिक वन उपभोक्ता समूह" भन्नाले सामुदायिक वनको संरक्षण,

व्यवस्थापन, भोगचलन र प्रयोगको लागि स्थानीय सरकार र नेपाल सरकारको सम्वन्धित निकायबाट स्वीकृती प्राप्त सम्बन्धित वन क्षेत्रबाट आश्रित एवं लाभान्वित आदिवासी जनजाति, महिला, दलित, लगायतका स्थानीय समुदायमा बसोबास गर्ने सम्पूर्ण वर्ग, लिङ्ग, जाति र घरधुरीको अनिवार्य प्रतिनिधित्व हुने गरी गठन हुने उपभोक्ता समूहलाई सम्झनु पर्छ।

(ण) "सामुदायिक वन उपभोक्ता समिति" भन्नाले सामुदायिक वन उपभोक्ता समूहको साधारण सभाले चयन गरेको कार्य समितिलाई जनाउनेछ।

(त) "वनश्रोत" भन्नाले कुनैपनि व्यवहारिक, व्यावसायिक, सामाजिक, धार्मिक, मनोरञ्जन, शैक्षिक, निर्वाहमुखी वा सामुदायिक वनमा रहेको वनस्पति, जीव र अन्य सुक्ष्म जीवहरू लगायत माथि तोकिएको वन क्षेत्रमा रहेको अन्य सम्भावित मानविय प्रयोगमा आउने वनश्रोत समेतलाई जनाउनेछ।

(थ) "उद्योग" भन्नाले लघु, घरेलु, साना, मझौला र ठूला उद्योग सम्झनु पर्छ।

(द) "सम्बन्धित अधिकारी" भन्नाले यस ऐन र प्रचलित कानून बमोजिम कर्तव्य निर्वाह गर्ने अख्तियार प्राप्त अधिकारी सम्झनु पर्दछ।

(ध) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियमहरूमा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ।

## परिच्छेद-२
## सामुदायिक वनको स्वामित्व, अधिकार र दायित्व

### ३. सामुदायिक वनको रूपमा स्वामित्व प्राप्त गर्नेः

(१) परम्परागत रूपमा संरक्षण, भोगचलन, उपयोग गर्दै आईरहेको राष्ट्रिय वनको कुनै भाग तोकिए बमोजिम नेपाल सरकार र सिद्धिचरण नगरपालिकाको सहमतिमा सामुदायिक वनको रूपमा स्वामित्व प्राप्त गर्ने र त्यस्तो वनको दिगो वन व्यवस्थापन गर्ने अधिकार स्थानीय समुदायलाई हुनेछ।

(२) उपदफा (१) बमोजिमको वन क्षेत्र स्थानीय समुदायको पूर्व सूसुचित मञ्जुरी बिना सामुदायिक वन वा अन्य कुनै प्रयोजनको लागि स्थानीय सरकारले अन्य व्यक्ति, कम्पनी वा समुदायलाई दिन पाईने छैन।

(३) उपदफा (१) बमोजिमको वन क्षेत्रमा सार्वजनिक हितको लागि स्थानीय समुदायको हितमा असर नपर्ने गरी स्थानीय सरकारले प्रयोगमा ल्याउन उपदफा (२) को व्यवस्थाले कुनै बाधा पुगेको मानिने छैन।

**४. सामुदायिक वनमा स्थानीय समुदायको अधिकार :**

(१) सामुदायिक वनमा स्थानीय समुदायले देहाय बमोजिमका वन सम्बन्धी कार्यहरु गर्नेछन्:

(क) स्थानीय समुदाय एक आपसमा भेला भई आफ्नो क्षेत्रको वनको दीगो व्यवस्थापन, जैविक विविधताको संरक्षण, सम्वर्द्धन, प्रवर्द्धन, वनपैदावरको विकास र उपयोग गर्नका लागि सामुदायिक वन व्यवस्थापन समूह गठन गर्ने,

(ख) सामुदायिक वन क्षेत्रमा रहेको प्राकृतिक श्रोत साधनको विकास, संरक्षण, व्यवस्थापन, नियन्त्रण र उपयोगको कार्ययोजना निर्माण गर्ने,

(ग) वन क्षेत्रमा रहेको खानेपानी तथा सिंचाईको मुहान लगायत प्राकृतिक श्रोत साधन र वन पैदावारहरू प्राप्त गर्ने, समुदायले नियम बनाई तोकेकोमा बाहेक विना अवरोध वन क्षेत्रमा आवत जावत गर्ने, वन क्षेत्रमा व्यवस्थित चरीचरण गर्ने,

(घ) सामुदायिक वनबाट दाउरा, घाँस, सोत्तर, काठ जस्ता समुदायको दैनिक आधारभूत आवश्यकता पुरा गर्ने र बढी भएका वनपैदावारको स्थानीय सरकारको अनुमति लिई मूल्य निर्धारण गरी बिक्री वितरण गर्ने,

(ङ) सामुदायिक वनक्षेत्र भित्रको खोला, पानीको मुहान, कार्बन संचितिकरण तथा भण्डारण लगायत वातावरणीय सेवा बापतको लाभ प्राप्त गर्ने,

(च) वन श्रोतको उपयोगबाट स्थानीय समुदायको सामाजिक, सांस्कृतिक र आर्थिक आवश्यकताको पूर्ति गर्ने, गरिबी निवारणमा टेवा पुर्याउने र सामुदायिक विकास गर्ने,

(छ) वनक्षेत्र भित्र रहेको ऐतिहासिक, सांस्कृतिक र धार्मिक सम्पदाहरूको संरक्षण, व्यवस्थापन र सदुपयोग गर्ने,

(ज) सामुदायिक वनलाई निरन्तर रूपमा सामुदायिक वनकै रूपमा संरक्षण, व्यवस्थापन र निरन्तरता दिन पाउने,

(झ) सामुदायिक वनको व्यवस्थापनको लागि सामुदायिक वन उपभोक्ता समूह, सामुदायिक वन उपभोक्ता समिति र आवश्यकता अनुसारको उपसमितिहरू गठन गर्ने र त्यस्तो समिति उपसमितिको काम कर्तव्य र अधिकारहरू तोक्ने,

(ञ) सामुदायिक वन व्यवस्थापनको लागि आवश्यक कार्ययोजना बनाई नगरपालिकामा पेश गर्ने,

(ट) वन संरक्षण, विकास र व्यवस्थापनका लागि स्थानीय सरकार, प्रादेशिक सरकार र संघीय सरकारबाट आवश्यक सहयोग र बजेट प्राप्त गर्ने तथा सहकार्यमा कार्यक्रम सञ्चालन गर्ने,

(ठ) वनसँग सम्बन्धित परम्परागत पेशा, अभ्यास, अनुभव, ज्ञान, सीप, दक्षताहरूको पहिचान गरी संरक्षण, आधुनिकीकरण, औद्योगिकीरण र बजारीकरणका लागि चाहिने वन पैदावरजन्य कच्चा पदार्थहरू स्वतन्त्रता पूर्वक प्राप्त गर्ने र उत्पादित वस्तुलाई उपभोग गर्ने तथा बजारमा बिक्री बितरण गरी लाभ प्राप्त गर्ने,

(ड) वनलाई समय सापेक्षित रूपमा स्थानीय समुदायको जीविकोपार्जनमा टेवा पुर्याउने पर्यावरण, कृषि वन, पशुपालन, वन्यजन्तु पालन, जडिबुटी, उद्यम, चिडियाखाना जस्ता वन उद्यम सम्बन्धी कृयाकलापहरू संचालन गरी लाभ प्राप्त गर्ने,

(ढ) वनको दीगो व्यवस्थापनद्वारा वन क्षेत्रको उत्पादकत्वमा वृद्धि गर्दै सामुदायिक वनक्षेत्रमा काठ र गैर काठजन्य वन पैदावारको उत्पादन गर्ने, वन पैदावारको अधिकतम उपयोगबाट साना, मझौला तथा ठुला खाले उद्यम समुदाय आफैले वा तेस्रो पक्षसँग सम्झौता गरी संचालन गर्न सक्नेछ र त्यस्तो उद्यमले वनको दिगो संरक्षण र व्यवस्थापनको साथै स्थानीय समुदायको आर्थिक उन्नतीमा टेवा पुर्याउने,

(ण) वनको हैसियतमा नकारात्मक असर नपुग्ने गरी वन श्रोतको पूर्ण रूपमा व्यवस्थापन, नियन्त्रण र उपयोग गर्ने एवं वन उद्यम विकास गर्ने र त्यस्तो निर्णय लिने,

(त) वनको भौगोलिक बनौट, भिरालोपन र माटोको किसिम अनुसार वन

कार्ययोजनामा तोकिए बमोजिम वन सम्वर्द्धन (गोडमेल, हाँगा काँटछाट, झाडी सफाई, पतल्याउने र रुख कटान आदि) पद्धति अपनाई वन विकास र संरक्षण गर्ने,

(थ) सामुदायिक वनको दिगो व्यवस्थापनबाट उपलब्ध हुने जलाधार एवं जैविक विविधता संरक्षण, भुदृश्य सौन्दर्य तथा कार्वन संचिति जस्ता वातावरणीय सेवाहरूको सम्भावनाको खोजी गरी वातावरणीय सेवा सुविधाको उपयोग गरेर आय-आर्जनको अवधारणालाई अगाडी बढाउने,

(द) कार्बन संचिति, जैविक विविधताको संरक्षण, जलचक्र प्रणाली, पर्यापर्यटन जस्ता वन क्षेत्रको पारिस्थितिकीय प्रणालीबाट प्राप्त हुने वातावरणीय सेवाबाट लाभ प्राप्त गर्ने ।

(२) सामुदायिक वन उपभोक्ता समूहको सदस्यको हैसियतले प्रत्येक घरधुरी मार्फत व्यक्तिगत रुपमा देहाय बमोजिमका वन सम्बन्धी अधिकारहरु प्राप्त गर्नेछन् ।

(क)सामुदायिक वनक्षेत्रमा रहेको प्राकृतिक श्रोत साधनको विकास, संरक्षण, उपयोग र व्यवस्थापन गर्ने कार्यमा सहभागी हुने,

(ख)वनक्षेत्रमा रहेको प्राकृतिक स्रोत साधन र वनपैदावारहरु तोकिए बमोजिम प्राप्त गर्ने,

(ग) सामुदायिक वन उपभोक्ता समूहमा सहभागी हुने र नेतृत्व लिने एवं निर्णय प्रकृयामा भाग लिने,

(घ) सामुदायिक वनबाट प्राप्त लाभको हिस्सा प्राप्त गर्ने,

(ङ) वन क्षेत्रभित्र रहेको ऐतिहासिक, सांस्कृतिक र धार्मिक सम्पदाहरुको संरक्षण, उपभोग र व्यवस्थापनमा भाग लिने ।

(३) उपदफा (२) मा उल्लेखित अधिकारको अतिरिक्त वन उपभोक्ता समूह भित्रका आर्थिक सामाजिक दृष्टिले पछाडि परेका महिला, आदिवासी जनजाति, सिमान्तकृत, दलित समुदायले सामुदायिक वनबाट देहायका थप अधिकारहरु प्राप्त गर्नेछन् ।

(क)कुनै विशिष्ट जाति वा समुदायसँग मात्र सम्बन्धित वा त्यस्तो समुदायको परम्परागत ज्ञान, सीप, पेशा र जीविकोपार्जनको सीपसँग सम्बन्धित प्राकृतिक स्रोत साधन वा वन पैदावारहरु माथि प्राथमिकता प्राप्त गर्ने,

(ख) सामुदायिक वनको संरक्षण र उपभोग गरी परम्परागत ज्ञान, सीप, पेशा र जीवनशैलीको अभ्यास र निरन्तरता दिने,

(ग)परम्परागत औषधी उपचार (आम्ची) पद्धति लगायत परम्परागत ज्ञान, सीप लगायतका बौद्धिक सम्पतिको संरक्षण र निरन्तरता दिने,

(घ) वनक्षेत्र भित्र प्रचलित कानूनबाट निषेध नगरिएका परम्परागत ज्ञान, सीप, पेशा र जीवनशैलीसँग सम्बन्धित अभ्यासहरुको निरन्तरता दिने,

(ङ) सामुदायिक वनको संरक्षण र व्यवस्थापनमा स्थानीय आदिवासी जनजातिको परम्परागत अभ्यास र प्रथाजनित कानूनको सम्मान प्राप्त गर्ने ।

(४) सामुदायिक वन संरक्षण तथा व्यवस्थापनमा नियमित रुपमा सहभागी हुन नसक्ने टाँढाका उपभोक्ताहरुलाई उनीहरुको वन संरक्षणमा पुर्याउने योगदान र वनस्रोतको उपयोगको आधारमा वर्गीकरण गरी सामुदायिक वनबाट देहाय बमोजिमका अधिकारहरु प्राप्त हुनेछन् ।

(क)सामुदायिक वनबाट वनपैदावार सहुलियत दरमा प्राप्त गर्ने,

(ख)सामुदायिक वनबाट प्राप्त लाभ तोकिए बमोजिम प्राप्त गर्ने,

(ग) वन क्षेत्रभित्र रहेको ऐतिहासिक, सांस्कृतिक र धार्मिक सम्पदाहरुको उपभोग गर्न पाउने।

(५) उपदफा (१), (२), (३) र (४) को अतिरिक्त स्थानीय परिवेश अनुसार कुनै विशिष्ट अधिकार कुनै विशेष समुदाय, वर्ग वा जातिलाई दिनुपर्ने देखिएमा त्यस्तो अधिकारको सूची सामुदायिक वन उपभोक्ता समूहको आमभेलाबाट पारित गरी स्थानीय सरकार समक्ष जानकारी गराउने ।

**५. सामुदायिक वन उपभोक्ता समूहको सदस्यका काम, कर्तव्य र जिम्मेवारी :**

(१) (क) सामुदायिक वन क्षेत्रमा रहेको प्राकृतिक श्रोत साधनको विकास, संरक्षण, उपयोग र व्यवस्थापन गर्ने कार्यमा सहभागी हुने,

(ख) वन क्षेत्रमा रहेको प्राकृतिक श्रोत साधन र वनपैदावारहरू तोकिए बमोजिम प्राप्त गर्ने,

(ग) सामुदायिक वन उपभोक्ता समूहमा सहभागी हुने र नेतृत्व लिने एवं निर्णय प्रकृयामा भाग लिने,

(घ) सामुदायिक वनबाट प्राप्त लाभको हिस्सा प्राप्त गर्ने,

(ङ) वन क्षेत्र भित्र रहेको ऐतिहासिक, सांस्कृतिक र धार्मिक सम्पदाहरूको संरक्षण, उपभोग र व्यवस्थापनमा भाग लिने,

(२) सामुदायिक वन संरक्षण तथा व्यवस्थापनमा नियमित रूपमा सहभागी हुन नसक्ने टाँढाका उपभोक्ताहरूलाई उनीहरूले वन संरक्षणमा पुर्याउने योगदान र वनश्रोतको उपयोगको आधारमा वर्गीकरण गरी सामुदायिक वनबाट देहाय बमोजिमका अधिकारहरू प्रात हुनेछन् ।

(क) सामुदायिक वनबाट वन पैदावार सहुलियत दरमा प्राप्त गर्ने,

(ख) सामुदायिक वनबाट प्राप्त लाभ तोकिए बमोजिम प्राप्त गर्ने,

(ग) वन क्षेत्रभित्र रहेको ऐतिहासिक, सांस्कृतिक र धार्मिक सम्पदाहरूको उपभोग गर्न पाउने,

**६. वनमा आधारित उद्यम विकासः**

(१) सामुदायिक वनश्रोतको प्रयोग गरी वन पैदावारमा आधारित उद्योगहरू सामुदायिक वन उपभोक्ता समूह आफैले वा स्थानीय सरकार, प्रदेश सरकार र संघीय सरकार वा निजी क्षेत्रसँग सम्झौता गरी वा तेस्रो पक्षसँग सम्झौता गरी व्यवसायिक रूपमा संचालन गर्न सक्नेछ ।

(क) सामुदायिक वन समूहहरु, स्थानीय सरकार र तेश्रो पक्ष समेतको लगानीमा काठ चिरान मिल स्थापना गर्न सक्ने,

(ख) स्थानीय सरकारको स्वीकृतिमा साना फर्निचर उधोग स्थापना गर्न सक्ने,

(ग) गैर काष्ठ उद्योग तथा काष्ठ कलाका उद्यमहरु संचालन गर्न सक्ने,

(घ) रोजगारमूलक वनपैदावार उधोग संचालन गर्न सक्ने,

(ङ) सामुदायिक वन समूहहरु र स्थानीय सरकारको स्वलगानी र स्वामित्वमा संचालन हुने काठ चिरान मिल स्थापना गर्दा सामुदायिक वन क्षेत्र बाहिर निजी जग्गामा संचालन गर्दा अन्य कुनै मापदण्ड लाग्ने छैन ।

(२) उपदफा (१) बमोजिमको वनमा आधारित उद्योगले सामुदायिक वा निजी वनक्षेत्रको काठजन्य, पानीजन्य वा गैर काठजन्य, जडिबुटीजन्य,चिडियाखाना, वन्यजन्तुको पालन,लगायत अन्य वनपैदावार वा वन्यजन्तुमा आधारित उत्पादनहरू व्यावसायिक रूपमा गर्ने र त्यस्तो उत्पादन बिक्री बितरण गर्न सक्नेछन् ।

**७. सामुदायिक वनमा उपभोक्ता समूहको उत्तरदायित्वः**

(१) यस ऐन, नियमावली र सम्बन्धित तहबाट जारी गरेको निर्देशिकाको अधिनमा रही सामुदायिक वन श्रोतको वातावरणीय रूपमा दिगो व्यवस्थापन गर्ने उत्तरदायित्व उपभोक्ता समूहको हुनेछ,

(२) यस ऐन, नियमावली र सम्बन्धित तहबाट जारी गरेको निर्देशिकाको अधिनमा रही सामुदायिक वन व्यवस्थापन कार्ययोजना बनाउने उत्तरदायित्व उपभोक्ता समूहको हुनेछ,

(३) सामुदायिक वन व्यवस्थापनमा स्थानीय समुदायको पूर्णरूपमा सहभागिता गराउने उत्तरदायित्व उपभोक्ता समूहको हुनेछ,

(४) सामुदायिक वन श्रोतको पारदर्शी, उत्तरदायी ढंगले व्यवस्थापन गर्न सुनिश्चित गर्ने उत्तरदायित्व उपभोक्ता समूहको हुनेछ,

(५) सामुदायिक वन व्यवस्थापन कार्ययोजना अनुरुप सामुदायिक वन श्रोतको प्रभावकारी रूपमा व्यवस्थापन भए नभएको सन्दर्भमा स्थानीय सरकारमा तोकिए बमोजिम आवधिक प्रतिवेदन पेश गर्ने उत्तरदायित्व उपभोक्ता समूहको हुनेछ,

(६) समुदायबाट व्यवस्थापन गरिएको सामुदायिक वन श्रोतको आयर अन्य लाभबाट सामुदायिक वन उपभोक्ता समूहको साधारण सभा र साधारण सभाले कार्यसमितिलाई तोके बमोजिम समुदायको विकासमा योगदान गरेको छ भन्ने सुनिश्चितता दिने उत्तरदायित्व उपभोक्ता समूहको हुनेछ,

(७) दिगो वन व्यवस्थापन गरी वन पैदावारको उत्पादनमा वृद्धि ल्याउन चरिचरन, आगलागी,चोरी कटानी, अतिक्रमण आदिबाट सामुदायिक वनलाई जोगाई सामुदायिक वन संरक्षण गर्ने उत्तरदायित्व उपभोक्ता समूहको हुनेछ,

(८) सामुदायिक वनक्षेत्रको झाडी सफाई र खाली ठाउँमा वृक्षारोपण गर्ने, प्राकृतिक पुनरुत्पादनको व्यवस्थापन गर्ने, उपयुक्त वन सम्वर्द्धन प्रणाली (एक्ल्याउने, बाक्लो वन पत्ल्याउने, रोग लागेका तथा सुकेका रुखहरू हटाउने जस्ता कार्य गरी वनको हैसियतमा सुधार्दै लैजाने जस्ता वन सम्वर्द्धन गर्ने उत्तरदायित्व उपभोक्ता समूहको हुनेछ।

**८. सामुदायिक वनबाट प्राप्त लाभको बाँडफाड सम्बन्धी व्यवस्थाः**

(१) सामुदायिक वनबाट प्राप्त वन पैदावार उपयोग तथा विक्री वितरणबाट प्राप्त लाभको बाँडफाड देहाय बमोजिम गरिनेछ।

(क) सामुदायिक वनको वन पैदावार बिक्री वितरण तथा वन श्रोतबाट प्राप्त रकम सामुदायिक वन उपभोक्ता समूहको साधारण सभाले तोके बमोजिम बाँडफाँड गर्नेछ,

(ख)यसरी वितरण गर्दा स्थानीय सरकार संचालन ऐनको दफा ६२ (ख) बमोजिम बन पैदावर विक्री वितरणवाट प्राप्त आयको १० प्रतिशत रकम स्थानीय सरकारको संचित कोषमा दाखिला गर्नुपर्नेछ।

**९. सामुदायिक वनको व्यवस्थापनमा स्थानीय सरकारको दायित्व :**

(१) स्थानीय सरकारले आफ्नो क्षेत्रभित्रका वन जंगलको संरक्षण र उपयोगको लागि वन क्षेत्रको नक्साङ्कन गरी आवश्यकता अनुसार सामुदायिक वन समूह मार्फत वन क्षेत्रको संरक्षण कार्य अगाडी बढाउने,

(२) संचालनमा रहेका सामुदायिक वन उपभोक्ता समूहहरुको वार्षिक कार्ययोजना स्वीकृत गरी वनको वैज्ञानिक उपयोगको नीति लिने,

(३) देहायको कार्य गरेमा सामुदायिक वन उपभोक्ता समूहलाई सचेत बनाई त्यस्तो कार्य नगर्न नगराउन स्थानीय सरकारले आवश्यक निर्देशन दिने र आवश्यक कारबाही गर्न सक्नेछ।

(क) सामुदायिक वन उपभोक्ता समूहले प्रचलित कानूनले निषेध गरेको कार्य गरेमा,

(ख) सामुदायिक वन उपभोक्ता समूहले वन व्यस्थापन कार्य योजना बमोजिम कार्य सञ्चालन गर्न नसकेमा,

(ग) सामुदायिक वनको वास्तविक हैसियत खस्कने वा वन संरक्षणमा उल्लेखनीय प्रतिकूल असर पर्ने कुनै कार्य गरेमा,

(घ) स्थानीय वन ऐन, २०८१ अनुसार कार्य नगरेमा।

(४) उपदफा (१) बमोजिम वन उपभोक्ता समूहलाई सचेत गराउने लगायतका आवश्यक कारबाही गर्दा सफाई पेश गर्ने उचित मौका दिइनेछ।

(५) उपदफा (१) र (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि सामुदायिक वन

उपभोक्ता समूहका पदाधिकारी, सदस्य वा कुनै व्यक्तिले समुदायको हितको नाममा सामुदायिक वन उपभोक्ता समूहको विधान, कार्ययोजना र समुदायको हित बिपरित कुनै काम कारबाही गरेमा त्यस्तो पदाधिकारी, सदस्य वा व्यक्तिलाई उपभोक्ता समूहको विधान, कार्ययोजना र नीति नियम अनुसार कारबाही गर्नेछ।

**१०. सहभागिता र प्रतिनिधित्व सम्बन्धी व्यवस्था:**

(१) जल, जंगल र जमिन लगायतका प्राकृतिक श्रोत र साधनसँग सम्बन्धित स्थानीय समुदाय, आदिवासी जनजाति, महिला, दलित यस ऐन बमोजिमको अधिकार वा वन सम्बन्धी उनीहरूको परम्परागत ज्ञान, सीप र जीवनशैलीमा प्रभावित पार्ने स्थानीय रूपमा स्थानीय नीति नियम, कार्यक्रमहरू तर्जुमा गर्दा त्यस्तो समुदायलाई सहभागी गराईनेछ।

(२) समुदायमा आधारित वनको स्थानीय तहको उपभोक्ता समितिहरूमा महिला, आदिवासी जनजाति, दलित, अल्पसंख्यक, मधेशी, सीमान्तकृत समुदायको समावेशी सिद्धान्तका आधारमा प्रतिनिधित्व गर्न पाउने अधिकार हुनेछ। यसरी प्रतिनिधित्व गराउदा निर्णायक तह (पदाधिकारी) लगायतमा कम्तिमा ५० प्रतिशत महिलाको प्रतिनिधित्वको सुनिश्चित गराईनेछ।

(३) उपदफा २ बमोजिमको समानुपातिक समावेशी सिद्धान्तको आधारमा सहभागिता तुल्याउदा समेत समुदायको गरिब, विपन्न, दलित वा अल्पसंख्यक समुदायको उचित प्रतिनिधित्व हुन नसकेमा स्थानीय समुदायको आवश्यकताका आधारमा त्यस्तो समुदायलाई बिशेष संरक्षण सहितको प्रतिनिधित्वको व्यवस्था गर्न सक्नेछ।

**११. राष्ट्रिय वनमा प्राप्त हुने सामुदायिक अधिकार :**

(१) राष्ट्रिय वन र सिमसार क्षेत्र लगायत नेपाल सरकार र प्रदेश सरकारको संरक्षण र व्यवस्थापनमा रहेका राष्ट्रिय वनमा त्यस्तो वन क्षेत्रसँग सिमाना जोडिएको वा त्यस्तो वन क्षेत्रको आसपासमा बसोबास गर्ने समुदायले देहायको अधिकारहरू निर्वाध रूपमा उपभोग गर्न पाउने छन्।

(क)परम्परागत रूपमा सार्वजनिक बाटोको रूपमा उपभोग गर्दै आईरहेको राष्ट्रिय वनक्षेत्र भित्र पर्ने बाटोमा आवत जावत गर्ने, पानीको मुहानहरूको

निर्वाध रूपमा निरन्तर उपभोग गर्ने,

(ख)परम्परागत रूपमा चरिचरण, गर्दै आईरहेको क्षेत्रमा वनको हैसियत नबिग्रने गरी चरिचरण रूपमा उपभोग गर्ने,

(ग) राष्ट्रिय वन क्षेत्रभित्र रहेको ऐतिहासिक, साँस्कृतिक र धार्मिकस्थल र सम्पदाहरूमा निर्वाध रूपमा आवतजावत गर्ने, त्यस्तो स्थलको संरक्षण, व्यवस्थापन, सदुपयोग र नियन्त्रणमा राख्ने,

(घ) राष्ट्रिय वन क्षेत्रभित्रका वन्यजन्तुले मानवीय, घरपालुवा जनवार र स्थानीय समुदायको वालिनालीमा क्षति पुर्याएमा त्यस्तो क्षतिको मनासिव माफिकको क्षतिपूर्ति स्थानीय सरकारबाट प्राप्त गर्ने, साथै वनमा लागेको आगलागी नियन्त्रण गर्दा वा वन व्यवस्थापन गर्दा दुर्घटना भएमा सम्वन्धित समूह र सरकारले उचित राहातको व्यवस्था गरिनेछ,

(ङ) राष्ट्रिय वनमा कार्बनको संचितिकरण र भण्डारण गरेबापतको लाभ प्राप्त गर्ने र त्यस्तो लाभ सामुदायिक हितमा प्रयोग गर्ने,

(च) सिमसार क्षेत्र र राष्ट्रिय वनको व्यवस्थापनमा प्रत्यक्ष रूपमा सहभागी हुने।

**१२. सामुदायिक वनको स्वामित्व खोस्न नसक्ने :**

(१) समुदायले प्राप्त गरेको सामुदायिक वन र त्यस्तो सामुदायिक वनक्षेत्रको स्वामित्व फिर्ता लिने र वन उपभोक्ता समूहको दर्ता खारेज गर्न सक्ने छैन। तर, देहायको कार्य गरेमा सामुदायिक वन उपभोक्ता समूहलाई सचेत बनाई त्यस्तो कार्य नगर्न नगराउन स्थानीय सरकारले आवश्यक निर्देशन दिने र आवश्यक कारवाही गर्न सक्नेछ।

(क)सामुदायिक वन उपभोक्ता समूहले प्रचलित कानूनले निषेध गरेको कार्य गरेमा,

(ख) सामुदायिक वन उपभोक्ता समूहले वन व्यवस्थापन कार्य योजना बमोजिम कार्य सञ्चालन गर्न नसकेमा,

(ग) सामुदायिक वनको वास्तविक हैसियत खस्कने वा वन संरक्षणमा उल्लेखनीय प्रतिकूल असर पर्ने कुनै कार्य गरेमा,

(घ) स्थानीय वन ऐन, २०८१ अनुसार कार्य नगरेमा।

(२) उपदफा (१) बमोजिम वन उपभोक्ता समूहलाई सचेत गराउने लगायतका

आवश्यक कारवाही गर्दा सफाई पेश गर्ने उचित मौका दिइनेछ।

(३) उपदफा (१) र (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि सामुदायिक वन उपभोक्ता समूहका पदाधिकारी, सदस्य वा कुनै व्यक्तिले समुदायको हितको नाममा सामुदायिक वन उपभोक्ता समूहको विधान, कार्ययोजना र समुदायको हित विपरीत कुनै काम कारवाही गरेमा त्यस्तो पदाधिकारी, सदस्य वा व्यक्तिलाई उपभोक्ता समूहको विधान, कार्ययोजना र नीति नियम अनुसार कारवाही गर्नेछ।

**१३. स्थानीय समुदायसँग स्वतन्त्र, पूर्व सू-सुचित मञ्जुरी लिनुपर्ने :**

(१) नेपाल सरकार, प्रदेश सरकार र स्थानीय सरकारले देहाय बमोजिमका निर्णय लिनु पूर्व समुदायिक वन उपभोक्ता समूहको अनिवार्य रुपमा स्वतन्त्र, पूर्व सु-सूचित मञ्जुरी लिनु पर्नेछ।

(क)सामुदायिक वनलाई वनको रुपमै संरक्षण र व्यवस्थापनमा निरन्तरता नदिई अन्य कुनै सार्वजनिक हितको लागि प्रयोग गर्न,

(ख)सामुदायिक वन उपभोक्ता समूहलाई प्रभावित पार्ने कुनै योजना तर्जुमा तथा कार्यान्वयन गर्दा वा नीति नियमहरु निर्माण गर्दा,

(२) राष्ट्रिय रुपमा वन अधिकार र प्राकृतिक स्रोत साधनसँग सम्बन्धित नीति, ऐन, कानून तथा कार्यक्रमहरु निर्माण गर्दा त्यस्तो नीति, ऐन, कानून तथा कार्यक्रमहरुले कुनै जाति, वर्ग वा समुदायलाई प्रभावित पार्ने देखिएमा सम्बन्धित अन्तर्राष्ट्रिय सन्धि/महासन्धी, घोषणा-पत्र, सम्झौता र नेपाल सरकारले व्यक्त गरेका प्रतिबद्धताहरुमा उल्लेखित व्यवस्थाहरुको अधिनमा रही नेपाल सरकार लगायत सम्बन्धित तहले त्यस्तो समुदायको अख्तियार प्राप्त जनप्रतिनिधिहरुसँग अनिवार्य रुपमा स्वतन्त्र, पूर्व सु-सूचित मञ्जुरी (Free Prior Inform Consent) लिईनेछ।

(३) उपदफा (१) बमोजिम स्थानीय समुदायसँग र उपदफा (२) बमोजिम विभिन्न जाति, वर्ग वा समुदायसँग नेपाल सरकार लगायत सम्बन्धित तहले स्वतन्त्र, पूर्व सू-सुचित मञ्जुरी (Free Prior Inform Consent) नलिई कुनै काम कारवाही गरेको कारण त्यस्तो समुदायलाई प्राप्त गर्ने अधिकार र सम्बन्धित समुदायलाई हुनेछ।

**१४. सामुदायिक वनलाई प्राथमिकता दिनुपर्ने :**

(१) सामुदायिक वनको रुपमा उपभोक्ता समूहलाई स्वामित्व दिई सुम्पन उपयुक्त हुने राष्ट्रिय वनको कुनै पनि भागलाई कवुलियति वन लगायत अन्य प्रयोजनको लागि प्रयोग गर्न दिइने छैन।

(२) सामुदायिक वन, प्रथाजनित व्यवस्थित वन क्षेत्रलाई राज्यले प्राथमिकता प्राप्त क्षेत्रको रुपमा राख्नुपर्नेछ।

## परिच्छेद-३

## सामुदायिक वन तथा अन्य वन दर्ता तथा हस्तान्तरण

**१५. वन दर्ता तथा हस्तान्तरणः**

(१) साविकमा दर्ता तथा हस्तान्तरण भएका सामुदायिक वन उपभोक्ता समूहहरु, कवुलियति वन उपभोक्ता समूहहरु, धार्मिक वनहरु यसै ऐनद्वारा सञ्चालन व्यवस्थापन हुनेछन्।

(२) दर्ता तथा हस्तान्तरण नभएका वन क्षेत्रलाई सामुदायिक वन उपभोक्ता समूहहरु, कवुलियति वन उपभोक्ता समूहहरु, धार्मिक वन, पारिवारिक निजी वनहरु दर्ता तथा हस्तान्तरण गरी यसै ऐनद्वारा सन्चालन तथा व्यवस्थापन हुनेछन्।

(३) सामुदायिक वन दर्ताको लागि दिइने निवेदन र प्रमाणपत्र क्रमशः अनुसूची-१ र अनुसूची-२ बमोजिम हुनेछ।

## परिच्छेद-४

## सामुदायिक वन सम्बन्धी व्यवस्था

**१६. सामुदायिक वन सुम्पनेः**

(१) उपभोक्ता समूहले कार्ययोजना बमोजिमको संरक्षण सम्वर्द्धन उपयोग व्यवस्थापन गर्न तथा स्वतन्त्ररुपले वन पैदावारको मूल्य निर्धारण गर्ने गरी विक्री वितरण गर्न पाउने गरी स्थानीय सरकारले राष्ट्रिय वनको कुनै सामुदायिक वन उपभोक्ता समूहलाई हस्तान्तरणको प्रमाण पत्र दिनेछ।

(२) उपदफा (१) को प्रयोजनको लागि नगरपालिकाले उपभोक्ता समूह परिचालन

गरी तोकिए बमोजिमको उपभोक्ता समूह गठन र कार्ययोजना तयार गर्न आवश्यक प्राविधिक एवं अन्य सहयोग उपलब्ध गराउने छ।

**१७. कार्ययोजना संशोधनः**

(१) उपभोक्ता भेला (साधारण सभाको बहुमतबाट) वन व्यवस्थापन सम्बन्धी कार्ययोजना आवश्यकता अनुसार समयानुकुल परिमार्जन गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम उपभोक्ता समूहले कार्ययोजनामा गरेको परिमार्जन वातावरणमा उल्लेखनीय प्रतिकुल असर पर्ने देखिएमा स्थानीय सरकारले यस्तो परिमार्जनको जानकारी प्राप्त भएको ३० दिन भित्र सो परिमार्जन लागु नगर्न निर्देशन दिनेछ । सामुदायिक वन उपभोक्ता समूहले आफ्नो कार्ययोजना स्थानीय सरकारलाई जानकारी गराएको ३० दिन भित्र कुनै जानकारी नभएमा समूहले स्वतः कार्यान्वयन गर्न सक्नेछ।

**१८. उपभोक्ता समूहको दर्ताः**

(१) गठन गरिएको उपभोक्ता समूहलाई दर्ता गराउन उपभोक्ताको विधान सहित नगरपालिकामा पेश गर्नुपर्नेछ,

(२) उपदफा (१) बमोजिमको दर्खास्त पर्न आएमा नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतले आवश्यक जाँचबुझ गरी त्यस्तो उपभोक्ता समूहलाई तोकिए बमोजिम दर्ता गरी दर्ता प्रमाणपत्र दिनु पर्नेछ,

(३) उपभोक्ता समूह दर्ताको लागि दिइने निवेदन र प्रमाणपत्र क्रमशः अनुसूची-२ र अनुसूची-३ बमोजिम हुनेछ।

(४) हाल वन ऐन, २०४९ अनुसार दर्ता भएका सामुदायिक वन उपभोक्ता समूहहरु, कवुलियति वन उपभोक्ता समूहहरु, धार्मिक वनहरु १ बर्ष भित्र नगरपालिकामा दर्ता गर्नु पर्नेछ । त्यस्ता समूहलाई नगरपालिकाले प्राविधिक तथा आर्थिक सहयोग गर्नुपर्नेछ।

**१९. उपभोक्ता समूह संगठित संस्था रहने :** सामुदायिक वन उपभोक्ता समूहहरु अविच्छिन्न उत्तराधिकारवाला स्वशासित र संगठित संस्था हुनेछन्।

(१) समूहको छुट्टै छाप हुनेछ।

(२) समूहको आफ्नै टाँचा हुनेछ।

(३) उपभोक्ता समूहले व्यक्ति सरह चल अचल सम्पत्ति प्राप्त गर्न, उपभोग गर्न,

बेचविखन गर्न वा अन्य किसिमको बन्दोवस्त गर्न पाउनेछ,

(४) उपभोक्ता समूहले व्यक्ति सरह नालिस उजुर गर्न र सो उपर पनि सोही नामबाट नालिस उजुर गर्न सक्नेछ।

**२०. प्रतिवेदन दिनुपर्ने :**

(१) सामुदायिक वन उपभोक्ता समूहहरु, कवुलियति वन उपभोक्ता समूहहरु, धार्मिक वनले प्रत्येक बर्ष आर्थिक वर्ष समाप्त भएको तीन महिना भित्र तोकिए बमोजिम आर्थिक विवरण तथा सामुदायिक वनको स्थिति समेत खुलाई आफ्नो क्रियाकलापको वार्षिक तथा प्रगति प्रतिवेदन नगरपालिका समक्ष पेश गर्नुपर्नेछ।

**२१. उपभोक्ता समूहको कोष :**

(१) उपभोक्ता समूहको आफ्नो एउटा छुट्टै कोष हुनेछ। कोषमा देहायका रकम जम्मा हुनेछः

(क) संघीय सरकार, प्रदेश सरकार र स्थानीय सरकारबाट प्राप्त हुने अनुदान रकम,

(ख) कुनै व्यक्ति वन संस्थाबाट प्राप्त अनुदान, सहायता वा दान दातव्य रकम,

(ग) वन पैदावार (जैविक विविधता) को बिक्री वितरणबाट प्राप्त रकम,

(घ) उद्योग तथा पर्यापर्यटन सञ्चालनबाट प्राप्त रकम,

(ङ) जरिवानाबाट प्राप्त रकम,

(च) अन्य कुनै श्रोतबाट प्राप्त रकम।

(२) उपभोक्ता समूहको तर्फबाट गरिने खर्च उपदफा (१) बमोजिमको कोषबाट गरिनेछ। कोष संचालन तोकिए बमोजिम हुनेछ।

## परिच्छेद-५

## वन अधिकार संरक्षण सम्बन्धी व्यवस्था

**२२. वन परिषद्को गठन :**

(१) वन अधिकार प्राप्त गर्ने स्थानीय समुदाय, आदिवासी जनजाति, महिला, दलित तथा उक्त वनक्षेत्रबाट आश्रित एवं लाभान्वित वनदेखि टाढाका समुदायको हक हित संरक्षण सम्बन्धी विषयमा नीति निर्माण गर्न तथा अधिकारवाला

समुदायको हक हितका सम्बन्धमा नगरपालिकालाई सुझाव दिनको लागि नगरपालिका स्तरमा एक वन परिषद् गठन हुनेछ।

(२) उपदफा (१) बमोजिमको परिषदमा देहाय बमोजिमका अध्यक्ष तथा पदाधिकारीहरू रहने छन्:

(क) नगरपालिका प्रमुख — अध्यक्ष

(ख) वन वातावरण तथा विपद् व्यवस्थापन समिति संयोजक — सदस्य

(ग) कार्यपालिकाले छानेको एक महिला सहित २ जना — सदस्य

(घ) सामुदायिक वन उपभोक्ता महासंघको एक महिला सहित २ जना प्रतिनिधि — सदस्य

(ङ) आदिवासी जनजाति महासंघको प्रतिनिधि १ जना — सदस्य

(च) दलित अधिकारको क्षेत्रमा काम गर्ने १ जना महिला — सदस्य

(छ) निजी वनको प्रतिनिधि सदस्य १ जना महिला — सदस्य

(ज) वनसँग सम्बन्धित व्यावसायिक संस्थाका प्रतिनिधि १ जना — सदस्य

(झ) वन अधिकार, वातावरण संरक्षण र वन उपभोक्ताको हकहितसँग सम्बन्धित क्षेत्रमा काम गरेको व्यक्ति मध्येबाट नगर कार्यपालिकाले मनोनित गरेको न्यूनतम १ महिला सहित २ जना प्रतिनिधि — सदस्य

(ञ) नगर प्रमुखले तोकेको नगर सभाको प्रतिनिधि १ महिला सहित २ जना — सदस्य

(ट) वन तथा वातावरण शाखाको प्रमुख — सदस्य सचिव

तर नगरपालिकाले मनोनित गर्दा उपदफा (२) को विभिन्न खण्डहरूबाट प्रतिनिधित्व हुन नसकेका जाति वा समुदायको प्रतिनिधित्व हुने गरी मनोनीत गर्नुपर्नेछ। दफा (१२) उपदफा (२) बमोजिम गठन हुने वन परिषदमा महिलाको सहभागिता न्यूनतम ५० प्रतिशत अनिवार्य गराउनु पर्नेछ।

(३) उपदफा (२) बमोजिम मनोनीत सदस्यहरूको पदावधि दुई वर्षको हुनेछ र निजहरू एक अवधिको लागि पुनः मनोनीत हुन सक्नेछन्।

(४) परिषद्ले परिषद्को काम कारवाहिलाई व्यवस्थित गर्ने प्रयोजनको लागि स्नातक उपाधी हाँसिल गरी वन, वातावरण वा कानूनको क्षेत्रमा कम्तीमा १०

बर्षको अनुभव प्राप्त व्यक्तिलाई सदस्य सचिवको रूपमा नियुक्त गर्नेछ । सदस्य सचिवको कार्यअवधि ४ बर्षको हुनेछ । सदस्य सचिवको काम कर्तव्य र अधिकार नियमावली र निर्देशिकामा तोकिए बमोजिम हुनेछ ।

(५) परिषद्का पदाधिकारीहरु र कर्मचारीले स्थानीय सरकारले तोकिदिए बमोजिमको सुविधा र तलवभत्ता पाउनेछन् ।

**२३. परिषद्को काम, कर्तव्य र अधिकारः**

(१) परिषद्को काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ:

(क) वन र वनक्षेत्रमा रहेको प्राकृतिक स्रोत साधन (जल, जमिन, जंगल, वन्यजन्तु, खनिज,जैविक विविधता आदि) को परम्परागत रूपमा संरक्षण, भोगचलन, उपयोग गर्दै आईरहेका उक्त क्षेत्रमा बसोबास गर्ने स्थानीय समुदाय, आदिवासी जनजाति, महिला, दलित तथा उक्त वनक्षेत्रबाट आश्रित एवं लाभान्वित वनदेखि टाढाका समुदायको वनमाथिको पहुँच, स्वामित्व, प्रतिनिधित्व, लाभको बाँडफाड समेतमा अग्राधिकार सहितको वन सम्बन्धी अधिकार सम्बन्धी विषयमा नेपाल सरकारलाई सुझाव दिने ।

(ख) वन र वन क्षेत्रमा रहेको प्राकृतिक स्रोत साधन (जल, जमिन, जंगल, वन्यजन्तु, खनिज, जैविक विविधता आदि) को परम्परागत रूपमा संरक्षण, भोगचलन, उपयोग गर्दै आईरहेका उक्त क्षेत्रमा बसोबास गर्ने स्थानीय समुदाय, आदिवासी जनजाति, महिला, दलित तथा उक्त वनक्षेत्रबाट आश्रित एवं लाभान्वित वनदेखि टाढाका समुदायको वनमाथिको पहुँच, स्वामित्व, प्रतिनिधित्व,लाभको बाँडफाड समेतमा अग्राधिकार सहितको वन सम्बन्धी अधिकार सम्बन्धमा जानकारी गराउन कार्यक्रम र सूचनाहरू प्रचार प्रसार गर्ने गराउने ।

(ग) वन माथिको पहुँच, स्वामित्व, प्रतिनिधित्व, लाभको बाँडफाँड समेतमा अग्राधिकार सहितको वनसम्बन्धी अधिकारको सम्बन्धमा सूचित गर्ने गराउने ।

(घ) वन माथिको पहुँच, स्वामित्व, प्रतिनिधित्व, लाभको बाँडफाँड समेतमा अग्राधिकार सहितको वन सम्बन्धी अधिकार सम्बन्धमा अनुसन्धान गर्ने गराउने ।

(ङ) वन माथिको पहुँच, स्वामित्व, प्रतिनिधित्व, लाभको बाँडफाड समेतमा अग्राधिकार सहितको वनसम्बन्धी अधिकार सम्बन्धमा भइरहेका नीति परिवर्तन गर्ने वा नँया नीति बनाउने सम्बन्धमा स्थानीय सरकारलाई सुझाव दिने ।

(च) वन माथिको पहुँच, स्वामित्व, प्रतिनिधित्व, लाभको बाँडफाँड समेतमा अग्राधिकार सहितको वनसम्बन्धी हकहित र अधिकार संरक्षण सम्बन्धी स्थानीय, प्रादेशिक, संघीय तथा अन्तर्राष्ट्रिय सूचनाहरू अद्यावधिक राख्ने तथा राख्न लगाउने ।

(छ) स्थानीय समुदाय, आदिवासी, जनजाति, महिला, दलित तथा उक्त वनक्षेत्रबाट आश्रित एवं लाभान्वित वनदेखि टाढाका समुदायको वन माथिको पहुँच, स्वामित्व, प्रतिनिधित्व, लाभको बाँडफाँड समेतमा अग्राधिकार सहितको वन सम्बन्धी अधिकारहरूको अनुगमन गर्ने गराउने र अनुगमन गर्दा देखिएका त्रुटीहरूको सुधार गर्न स्थानीय सरकारलाई सुझाब दिने ।

(ज) स्थानीय समुदाय, आदिवासी जनजाति, महिला, दलित तथा उक्त वनक्षेत्रबाट आश्रित एवं लाभान्वित वनदेखि टाढाका समुदायको वनमाथिको पहुँच, स्वामित्व, प्रतिनिधित्व, लाभको बाँडफाँड समेतमा अग्राधिकार सहितको वन सम्बन्धी अधिकार संरक्षण गर्ने सम्बन्धमा उपयुक्त सम्झेको अन्य काम गर्ने गराउने ।

(झ) परम्परागत रुपमा संरक्षण, सम्वर्द्धन र सदुपयोग गर्दै आएका स्थानीय समुदायको वन प्रयोगको अधिकारलाई राजनीतिक सिमाले बन्देज गर्ने छैन, यदि कुनै अवरोध सृजना भएमा आवश्यक समन्वय गरेर समाधान गर्ने ।

(ञ) सामुदायिक वनहरु बीच समन्वय गरेर स्थानीय आपूर्ति, प्राकृतिक प्रकोपलाई सर्वसुलभ बनाउनका लागि डिपो स्थापना गर्ने ।

(ट) अन्तर स्थानीय सरकारकाबीच वन पैदावार आपूर्ति व्यवस्था मिलाउनका लागि समन्वय गर्ने ।

(ठ) समुदायद्वारा संचालित कार्यक्रमहरु अनुगमन निरीक्षण तथा पृष्ठपोषण गर्ने ।

(ड) समुदायको आन्तरिक सुशासनको लागि आवश्यक सरसल्लाह, सुझाव र सहयोग गर्ने ।

(ढ) जैविक विविधताको अभिलेखिकरण गर्ने, अध्ययन अनुसन्धान गर्ने, संरक्षण तथा व्यवस्थापन गर्ने।

**२४. परिषद्को बैठक सम्बन्धी कार्यविधिः**

(१) परिषद्को बैठक अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

(२) परिषद्को सम्पूर्ण सदस्य संख्याको कम्तीमा पचास प्रतिशतभन्दा बढी सदस्यहरू उपस्थित भएमा परिषद्को बैठकका लागि गणपूरक संख्या पुगेको मानिनेछ ।

(३) परिषद्को बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ र निजको अनुपस्थितिमा सदस्यहरू मध्येबाट जेष्ठ सदस्यले बैठकको अध्यक्षता गर्नेछ ।

(४) परिषद्को निर्णय परिषद्को अध्यक्षद्वारा प्रमाणित गरिनेछ ।

(५) परिषद्को बैठक सम्बन्धी अन्य कार्यविधि परिषद् आफैंले निर्धारण गरे बमोजिम हुनेछ ।

**२५. जाँचबुझ र निरीक्षण गर्न सक्ने :**

(१) कुनै व्यक्ति, वन उपभोक्ता समूह, संगठित संस्था, सरकार, सरकारी तह, नीजि वा साझेदारी कम्पनी लगायत कसैले पनि यस ऐन बिपरित हुनेगरी समुदायको वन अधिकारमा प्रतिकूल प्रभाव पार्ने कार्य गरी रहेको वा यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम विपरीत कामकारवाही भइरहेको छ भन्ने विश्वास हुने मनासिव कारण भएमा वनअधिकार संरक्षण परिषद् आफै वा परिषद्ले तोकेको प्रतिनिधिले आवश्यक जाँचबुझ र निरीक्षण गर्न, गराउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम जाँचबुझ र निरीक्षणबाट वन अधिकारको हनन् सम्बन्धी दोषी देखिएका व्यक्ति, वन उपभोक्ता समूह, संगठित संस्था, सरकार, सरकारी तह, निजी वा साझेदारी कम्पनी लगायतका व्यक्ति वा संस्थालाई प्रचलित कानून बमोजिम आवश्यक कारबाही गर्नको लागि परिषदले स्थानीय सरकारलाई सिफारिस गर्न सक्नेछ ।

## परिच्छेद-६

## कसूर र सजाय सम्बन्धी व्यवस्था

**२६. वन अधिकारमा प्रतिकूल प्रभाव पार्न नहुने :**

(१) कुनै व्यक्ति, वन उपभोक्ता समूह, संगठित संस्था, सरकार, सरकारी तह, निजी वा साझेदारी कम्पनी लगायत कसैले पनि यस ऐन विपरित हुनेगरी वन उपभोक्ता वा वन उपभोक्ता समूहको वन सम्बन्धी अधिकारमा प्रतिकूल प्रभाव पार्न हुँदैन । तर, आम सार्वजनिक हितको लागि यस ऐनको दफा ११ बमोजिम वन उपभोक्ता समूह वा सम्बन्धित समुदायको स्वतन्त्र, पूर्व सूसुचित मञ्जुरी लिई नेपाल सरकार वा सम्बन्धित तहको निर्णयले असल मनसायले गरेको कार्यलाई वन अधिकारको प्रतिकूल मानिने छैन ।

**२७. दण्ड सजायः** देहायको काम कारबाही गर्ने गराउनेलाई कसुरको मात्रा हेरी देहाय बमोजिम सजाय हुनेछ:

(१) दफा ४ को उपदफा (१) बमोजिमको अधिकार प्रयोग गर्न बञ्चित गराउने वा त्यस्तो अधिकार प्रयोग गर्नबाट रोक लगाउने कार्य गर्ने गराउनेलाई विगो खुलेकोमा बिगो बमोजिम र नखुलेकोमा अवस्था हेरेर तोकिए बमोजिम जरिवाना हुनेछ ।

(२) दफा ४ को उपदफा (२) बमोजिमको अधिकार प्रयोग गर्न बञ्चित गराउने वा त्यस्तो अधिकार प्रयोग गर्नबाट रोक लगाउने कार्य गर्ने गराउनेलाई विगो खुलेकोमा बिगो बमोजिम र नखुलेकोमा अवस्था हेरेर तोकिए बमोजिम जरिवाना हुनेछ ।

(३) दफा ४ को उपदफा (३), (४) र (५) बमोजिमको अधिकार प्रयोग गर्न बञ्चित गराउने वा त्यस्तो अधिकार प्रयोग गर्नबाट रोक लगाउने कार्य गर्ने गराउनेलाई विगो खुलेकोमा बिगो बमोजिम र नखुलेकोमा अवस्था हेरेर तोकिए वमोजिम जरिवाना हुनेछ,

(४) दफा ८ बमोजिम वन उपभोक्ता समूहको अनिवार्य रूपमा स्वतन्त्र, पूर्व सूसुचित मञ्जुरी लिनु पर्नेमा नलिई कुनै कार्य गरे गराएबाट त्यस्तो वन उपभोक्ता समूहलाई पर्न गएको क्षतिको बिचार गरी उचित क्षतिपूर्ति दिनु पर्नेछ र त्यस्तो कार्य गर्ने गराउनेलाई विभागीय सजायको लागि सिफारिस गर्नु पर्नेछ ।

**२८. मुद्दा हेर्ने अधिकारः**

(१) यस ऐन अन्तर्गत सजाय हुने कसुर सम्बन्धी मुद्दा गर्नुपर्ने कारण परेको मितिले ६ महिनाभित्रमा मर्का पर्ने पक्षले स्थानीय तहको न्यायीक समिति समक्ष मुद्दा दायर गर्न सक्ने छ।

(२) उपदफा (१) बमोजिम न्यायीक समितिले यस ऐन अन्तर्गत कारवाही गर्दा संक्षिप्त कार्यबिधि ऐन, २०२८ बमोजिमको कार्यविधि अपनाउने र अधिकार प्रयोग गर्नेछ।

(३) उपदफा (१) बमोजिम न्यायीक समितिले गरेको निर्णय चित्त नबुझ्ने पक्षले सो निर्णय थाहा पाएको मितिले पैंतीस दिन भित्र सम्बन्धित जिल्ला अदालतमा पुनरावेदन गर्न सक्नेछ।

**२९. क्षतिपूर्ति भराउन सक्ने :**

(१) यस ऐनको विपरीत हुने गरी वन अधिकारवाला समुदाय वा व्यक्तिको वन सम्बन्धी अधिकारमा प्रतिकूल प्रभाव पार्ने कार्य गरेको कारणबाट कुनै वन अधिकारवाला समुदाय वा व्यक्तिको वन सम्बन्धी अधिकारको हनन भएकै कारण कुनै पनि किसिमको हानी नोक्सानी हुन गएमा त्यस्तो समुदाय वा व्यक्तिले क्षतिपूर्ति भराई पाउँ भनि उजुरी गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम क्षतिपूर्तिको निमित्त परेको उजुरी उपर छानबिन गरी वन अधिकार हनन भएको समुदाय वा व्यक्तिलाई हानी नोक्सानी पुग्न गएको देखिएमा हानी नोक्सानीको आधारमा हानी नोक्सानी गर्ने पक्षबाट क्षतिपूर्ति वापतको रकम त्यस्तो समुदाय वा व्यक्तिलाई दिलाउन सक्नेछ।

## परिच्छेद- ७

## मध्यवर्ति उपभोत्ता समिति सम्बन्धी व्यवस्था

**३०.मध्यवर्ति उपभोत्ता समिति सम्बन्धी व्यवस्था**

(१) मध्यवर्ति क्षेत्र भित्र रहेका वन उपभोक्ता समिति, धार्मिक बन, र कवुलियती वन समेत यस ऐन अन्तरगत व्यवस्थापन गरिनेछ।

(२) मध्यवर्ति क्षेत्र भित्रका कवुलियती वन क्षेत्रमा पर्यापर्यटन सम्बन्धी कार्य गर्न सकिनेछ।

(३) वनको हैसियत नविग्रने गरी होटल, लज तथा अन्य पर्यटकीय गतिविधिहरु संचालन गर्न नगरपालिकाबाट अनुमति दिन सकिनेछ । तर यस्ता व्यवसाय संचालन गर्दा पक्की संरचना निर्माण कार्य गर्न दिइने छैन ।

(४) मध्यवर्ति वन व्यवस्थापन समूहले आफ्नो वार्षिक प्रतिवेदन नगरपालिका समक्ष पेश गर्नु पर्नेछ ।

(५) मध्यवर्ति व्यवस्थापन क्षेत्र भित्र रहेका नदी उकास खाली पर्ति जग्गा नापी गरी सुकुम्बासीहरुलाई एकीकृत वसाल्न सकिनेछ ।

## परिच्छेद-८
## पारिवारिक निजी वन सम्बन्धी व्यवस्था

### ३१. पारिवारिक निजी वन दर्ताः

(१) पारिवारिक निजी वन किसानहरुले पारिवारिक निजी वन दर्ताको लागि नगरपालिका समक्ष निवेदन पेश गर्नुपर्नेछ ।

(२) दफा (१) बमोजिम पेश भएको निवेदन माथि आवश्यक जाँचबुझ गरी पारिवारिक निजी वनको संरक्षण, सम्वर्द्धन, उपयोग व्यवस्थापन गर्न तथा स्वतन्त्र रुपले वन पैदावारको मूल्य निर्धारण र विक्री वितरण गर्न पाउने गरी प्रमुख प्रशासकीय अधिकृतले पारिवारिक निजी वनको दर्ता प्रमाण पत्र दिनेछ ।

(३) पारिवारिक निजी वनलाई नगरपालिकाले आवश्यक प्राविधिक एवं अन्य सहयोग उपलब्ध गराउनेछ ।

(४) पारिवारिक निजी वन दर्ताको लागि दिइने निवेदन र प्रमाणपत्र क्रमशः अनुसूची-३ र अनुसूची-४ बमोजिम हुनेछन् ।

## परिच्छेद-९
## विविध

### ३२. नगरपालिकाबाट अनुमति लिनु पर्नेः

(१) नगरपालिकाको अनुमति लिई उपभोक्ता समूहले स्थानीय सामुदायिक वनक्षेत्रमा सामुदायिक चिडियाखाना, वन्यजन्तुको व्यावसायीक पालन, समुदायको पहुँच भन्दा टाढा रहेको वन सामुदायिक संरक्षण क्षेत्र, पर्यापर्यटन

कार्यक्रम जस्ता वनमा आधारित उद्यम वा समुदायमा वन पैदावारजन्य उद्योग संचालन गर्ने, उत्पादन गर्ने, उत्पादिन वस्तु वा वनपैदावार निकासी पैठारी गर्ने र सो बाट लाभ प्राप्त गर्न सक्नेछ ।

(२) वन पैदावारजन्य उद्योगबाट उत्पादित वन पैदावारको निकासी पैठारी वन उपभोक्ता समूहले तोकेको व्यक्तिले गर्न सक्नेछ । त्यसरी निकासी पैठारी गर्दा सोको जानकारी अनिवार्य रूपमा स्थानीय सरकारलाई दिनु पर्नेछ ।

(३) सामुदायिक वन समूहको दर्ता प्रमाणपत्रका आधारमा सहकारी मार्फत मिलका साथै वन पैदावारमा आधारित अन्य उद्यमहरु सञ्चालन सक्नेछन् ।

(४) नगरपालिकाले पारिवारिक निजी वन दर्ता, संरक्षण, सम्वर्द्धन, व्यवस्थापन र निर्यातको जानकारी दिएर काम गर्न सक्नेछ ।

**३३. अधिकार प्रत्यायोजन :** नगरपालिकाको प्रमुख वा परिषद्को अध्यक्षले यस ऐन बमोजिम आफूलाई प्राप्त अधिकारहरू मध्ये आवश्यकता अनुसार केही अधिकार यस ऐन बमोजिम नगरपालिकाले तोकेको व्यक्तिलाई प्रत्यायोजन गर्न सक्नेछ ।

**३४. असल नियतले गरेको कामको बचाउ :** वन उपभोक्ता समिति, क्षतिपूर्ति समिति वा नगरपालिकाको कुनै कर्मचारीले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम आफ्नो कर्तव्य पालन गर्दा असल नियतले गरेको काम कारवाही प्रति निज व्यक्तिगत रूपले जवाफदेही हुने छैन ।

**३५. नियम बनाउन सक्ने :** यस ऐनको उद्देश्य पूर्तिको लागि नगरपालिकाले आवश्यक नियमहरू बनाउन सक्नेछ ।

**३६. बाधा अड्काउ फुकाउने व्यवस्थाः**

(१) यो ऐनको कार्यान्वयनमा कुनै दुविधा भएमा वा बाधा अड्काउ फुकाउनु परेमा नगर कार्यपालिकाले निर्णय गरी स्पष्ट गर्ने र बाधा अड्काउ फुकाउनेछ ।

(२) यस ऐनमा स्पष्ट रुपमा उल्लेख भएकोमा यसै वमोजिम र यसमा लेखिएका देखि बाहेकका अन्य सबै विषयहरु प्रचलित कानून वमोजिम हुनेछन् ।

**३७. खारेजी र बचाउः**

(१) यस ऐनको खारेज गर्नुपर्ने र संशोधन गर्नुपर्ने भएका नगर सभाले निर्णय गर्नेछ ।

# अनुसूचीहरुः

अनुसूची-१

दफा १५ को उपदफा ३ सँग सम्बन्धित

## <u>सामुदायिक वन दर्ताको लागि दिइने निवेदनको ढाँचा</u>

मितिः

ने.सं.

श्री प्रमुख प्रशासकीय अधिकृतज्यू,
सिद्धिचरण नगरपालिका नगर कार्यपालिकाको कार्यालय,
ओखलढुङ्गा।

स्थानीय वन ऐन, २०८१ को अधिनमा रही संलग्न वन कार्ययोजना अनुसार सामुदायिक वनको रुपमा संरक्षण सम्वर्द्धन र सदुपयोग गर्न चाहेकोले देहायको वन क्षेत्र यस उपभोक्ता समूहलाई हस्तान्तरण गर्नु हुन यो निवेदन पेश गरेका छौं।

क. प्रस्तावित सामुदायिक वनको रुपमा व्यवस्थापन गर्न चाहेको वनको नाम र ठेगानाः

..........................................................................................................

चार किल्लाः

क्षेत्रफलः

जैविक विविधताः

निवेदक

...................... सामुदायिक वन उपभोक्ता समूहको तर्फबाट

| सि.नं. | पद | नाम, थर | दस्तखत |
|---|---|---|---|
| १. | | | |
| २. | | | |
| ३. | | | |
| ४. | | | |
| ५. | | | |
| ६. | | | |
| ७. | | | |

अनुसूची-२

दफा १५ को उपदफा ३ सँग सम्बन्धित

**सामुदायिक वन दर्ताको प्रमाण-पत्रको ढाँचा**

सिद्धिचरण नगरपालिका,

नगर कार्यपालिकाको कार्यालय, ओखलढुङ्गा

मितिः

ने.सं.

दर्ता प्रमाण पत्र नं.

श्री .............................. उपभोक्ता समूह,

.............................................................।

स्थानीय वन ऐन, २०८१ को अधिनमा रही यसैसाथ संलग्न वन कार्ययोजना बमोजिम सामुदायिक वनको रुपमा संरक्षण, सम्बर्द्धन र सदुपयोग गर्न देहायको राष्ट्रिय वन क्षेत्र यस उपभोक्ता समूहलाई  सुम्पिएको छ।

तपसिलः

नाम :

चारकिल्ला :

क्षेत्रफल :

प्रमाणपत्र दिने अधिकारीको

नाम, थरः

पद :

दस्तखतः

मितिः

द्रष्टव्यः यो प्रमाणपत्र हराएमा वा नासिएमा अर्को प्रमाणपत्र लिन……………….रुपैंया दस्तुर लाग्नेछ।

अनुसूची-३<br>दफा १८ को उपदफा ४ सँग सम्बन्धित

**<u>उपभोक्ता समूहको दर्ताका लागि दिइने निवेदनको ढाँचा</u>**

मितिः
ने.सं.

श्री प्रमुख प्रशासकीय अधिकृतज्यू,
सिद्धिचरण नगरपालिका नगर कार्यपालिकाको कार्यालय,
ओखलढुङ्गा ।

स्थानीय वन ऐन, २०८१ मा व्यवस्था भए बमोजिम उपभोक्ता समूहको गठन गरी उपभोक्ता समूह दर्ता गरी पाउन सो को विधान संलग्न गरी पेश गरेका छौं । उपभोक्ता समूहको दर्ता गरी सो को जानकारी पाउन अनुरोध गर्दछौं ।

चार किल्लाः
क्षेत्रफलः
जैविक विविधताः

निवेदक
...................................... उपभोक्ता समूहको तर्फबाट

| सि.नं. | पद | नाम, थर | दस्तखत |
|---|---|---|---|
| १. | | | |
| २. | | | |
| ३. | | | |
| ४. | | | |
| ५. | | | |
| ६. | | | |
| ७. | | | |

अनुसूची-४

दफा १८ को उपदफा ४ सँग सम्बन्धित

**उपभोक्ता समूह दर्ताको प्रमाण-पत्रको ढाँचा**

सिद्धिचरण नगरपालिका,

नगर कार्यपालिकाको कार्यालय, ओखलढुङ्गा

मितिः

ने.सं.

दर्ता प्रमाण पत्र नं.

श्री .............................. उपभोक्ता समूह,

.............................................................।

स्थानीय वन ऐन, २०८१ को अधिनमा रही उक्त ऐनले दिएको अधिकार प्रयोग गरी त्यस उपभोक्ता समूहलाई दर्ता गरी यो प्रमाणपत्र दिइएको छ।

उपभोक्ता समूहको विवरणः

उपभोक्ता समूहको क्षेत्रफल :

घरधुरी संख्या :

कुल जनसंख्याः

प्रमाणपत्र दिने अधिकारीको

नाम, थर:

पद :

दस्तखत:

मितिः

द्रष्टव्यः यो प्रमाणपत्र हराएमा वा नासिएमा अर्को प्रमाणपत्र लिन..................रुपैंया दस्तुर लाग्नेछ।

अनुसूची-५

दफा ३१ को उपदफा ४ सँग सम्बन्धित

**पारिवारिक निजी वन दर्ताका लागि सिफारिस लिन दिने निवेदनको ढाँचा**

मितिः

ने.सं.

श्री प्रमुख प्रशासकीय अधिकृतज्यू,
सिद्धिचरण नगरपालिका नगर कार्यपालिकाको कार्यालय,
ओखलढुङ्गा ।

वन ऐन, २०७६ र वन नियमावली, २०७९ को व्यवस्था बमोजिम डिभिजन वन कार्यालय, ओखलढुंगाको सिफारिस अनुसार स्थानीय वन ऐन, २०८१ को अधिनमा रही देहायका वन पैदावारलाई तहाँ नगरपालिकामा पारिवारिक निजी वनको रुपमा दर्ता गर्नुपर्ने भएकोले पारिवारिक निजी वन दर्ताका लागि यो निवेदन पेश गरेको छु ।

तपसिलः

१. दर्ता गर्न चाहेको निजी वनको वन पैदावार,
२. जग्गाको स्वामित्व सम्बन्धी कागजातहरु,
३. डिभिजन वन कार्यालय, ओखलढुंगाको पारिवारिक निजी वन दर्ताको लागि गरिएको सिफारिस ।

निवेदक (निजी वनधनीको)

नामः

दस्तखतः

अनुसूची-६

दफा ३१ को उपदफा ४ सँग सम्बन्धित

**पारिवारिक निजी वन दर्ताका लागि सिफारिस लिन दिने निवेदनको ढाँचा**

सिद्धिचरण नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

ओखलढुंगा

दर्ता प्रमाणपत्र नम्वरः मितिः

ने.सं.

पारिवारिक निजी वन दर्ताको प्रमाणपत्र ..............

श्री ..........................................,

.................................................।

तपाईले मिति .............................. गतेको डिभिजन वन कार्यालयको सिफारिस सहित यस कार्यालयमा पारिवारिक निजी वन दर्ता गराई पाउँ भनी पेश गरेका कागजात अध्ययन हुँदा स्थानीय वन ऐन, २०८१ को अधीनमा रही देहायको पारिवारिक निजी वन तथा निजी आवादी जमिनमा लगाएको वन पैदावारलाई पारिवारिक निजी वनको रुपमा दर्ता गरी यो प्रमाणपत्र दिइएको छ।

निजी वनको विवरणः

नामः

चार किल्लाः

क्षेत्रफलः

वन पैदावारको प्रजातिः

वन पैदावारको संख्याः

द्रष्टव्यः यो प्रमाणपत्र हराएमा वा नासिएमा अर्को प्रमाणपत्र लिन..................रुपैंया दस्तुर लाग्नेछ।

## अनुसूची-७

१. वन पैदावारको मुल्य निर्धारणको ढाँचा

काठको जातः ठुटाः दाउराः

२. जडिबुटीको नाम र दस्तुरः

जरा जातीः फुल र भुवा जातीः

गमरेजिन लोहवान जातीः अन्य जडीबुटीः

३. काठ, दाउरा, खयर र जडिबुटी बाहेक अन्य वन पैदावार

वन पैदावारको नामः

४. सामुदायिक वन उपभोक्ता समूहको विधान तथा कार्ययोजनामा समावेश हुने कुराहरु

सामुदायिक वनको कार्ययोजनामा जैविक विविधताको अभिलेखिकरण

पर्यापर्यटन विकास दर्ता निवेदन

पर्यापर्यटन दर्ता प्रमाण-पत्र हस्तान्तरण

उद्यम दर्ता निवेदन

उद्यम दर्ता प्रमाण-पत्र हस्तान्तरण

उद्यम नवीकरण

ऋण मागको लागि निवेदन

धितो मूल्याङ्गनका लागि निवेदन

वन्यजन्तु पालनको लागि निवेदन

वन्यजन्तु पालनका लागि प्रमाण-पत्र

वन्य जन्तु व्यवसाय सञ्चालनको अनुमति

(हरेक निवेदनको दस्तुर)

९. वन्यजन्तु व्यवसाय गर्दा देहायको योग्यता भएको हुनु पर्दछ

क. सामुदायिक वन उपभोक्ता समूहको सदस्य भएको हुन योग्य

ख. २१ वर्ष उमेर पुरा भएको

ग. कुनै कानूनले अयोग्य नभएको

घ. पारिवारिक निजी वनको दर्ता र व्यवसायिकीकरण

ङ. लालपूर्जाको फोटोकपी

च. व्यक्तिको फोटो

**<u>आज्ञाले</u>**

निलकण्ठ विश्वकर्मा

प्रमुख प्रशासकीय अधिकृत